म.नि. प्र. का. दर्ता. : १७६/७८, वर्ष ११, अंक १६६ आइतबार, ९ माघ २०७८ पञ्चमी ने. सं. ११४२ पोहलागा 23 January, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३ -

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## १ सय ९९ टिपरलाई कारबाही

हेटौंडा/जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले टिपर चेकजाँचलाई तीव्रता दिन थालेको छ । शुक्रबार र शनिबार टिपर चेकजाँचमा कडाइ गरेको ट्राफिक प्रहरीले १ सय ९९ वटा टिपरलाई कारबाही गरिसकेको छ । यसअघि खासै वास्ता नगरेको ट्राफिक प्रहरीको नजरमा एकाएक टिपर परेको छ ।

सर्वत्र गुनासोसँगै समाचारसमेत सार्वजनिक हुन थालेपछि ओभरलोड बोक्ने टिपरमाथि ट्राफिक प्रहरीले कारवाही थालेको हो । हेटौंडामा रहेको शिवम, ऋद्धिसिद्धी र हेटौंडा सिमेन्टका लागि आवश्यक ढुङ्गा बोक्ने टिपरले विशेष गरी ओभरलोड बोक्ने गरेको गुनासो हेटौंडावासीको रहेको छ । शुक्रबार ९७ वटा टिपरलाई कारवाही गरेको ट्राफिक प्रहरीले शनिबार १ सय २ वटालाई कारवाही गरेको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुर, जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुर र मातहत कार्यालय समेतबाट खटिएकी प्रहरी चेकिङ टोलीले हेटौंडा-१९ थानाभञ्ज्याङ, हेटौंडा-१५, रातोमाटे र ६ चौपडा, मनहरी र भीमफेदी गाउँपालिकामा चेकजाँच गरेको थियो । चेकजाँच गर्दा ओभरलोड बोकेको टिपरलाई कारवाही गरिएको ट्राफिक प्रहरीले जनाएको छ ।

# चेपाङका लागि सहज बन्यो कोरोनाविरुद्धको खोप

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको विकट क्षेत्र राक्सिराङ गाउँपालिकाका रैथाने चेपाङ समुदायका लागि कोरोनाविरुद्धको खोप सहजै उपलब्ध गराइने भएको छ । राक्सिराङका सिमान्तकृत चेपाङहरुलाई चर्चबाट कोरोनाविरुद्धको खोप सहजै उपलब्ध गराइने भएको हो ।

बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयको विशेष खोप अभियानअन्तर्गत् शनिवार राक्सिराङ गाउँपालिकाको चेपाङबासीलाई खोप लगाउन थालिएको छ । राक्सिराङ-५, ताङराङमा प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाले विशेष खोप अभियानको सुरुवात गरे ।

गाउँमा अनेकौं भ्रम सिर्जना हुँदा चेपाङ समुदायले कोरोनाविरुद्धको खोप लगाउन आलटाल गरेको सबरपछि मन्त्री लामा खोप बोकेर राक्सिराङ पुगेका हुन् । राक्सिराङभित्रका पाँच सय बटा क्रिश्चियन चर्चबाट चेपाङलाई खोप लगाइने नेपाल चेपाङ संघ राक्सिराङ गाउँकार्यकारिणी समितिका अध्यक्ष सोमलाल चेपाङले बताए ।

राक्सिराङका हरेक बढाको टोलटोलमा चर्चहरु सञ्चिय रहेको पाइएको छ । चर्चमा हरेक शनिवार प्रार्थना गर्न आउने चेपाङहरुलाई चर्चबाटै खोप लगाइने गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख विजय कपारीले जानकारी दिए । मकवानपुरको दुर्गम क्षेत्र राक्सिराङ र कैलाश गाउँपालिकामा चेपाङ समुदायको बाक्लो बसोबास छ । यी दुई स्थानीय तहमा चेपाङ धेरै छन् भने तामाङको पनि बाक्लो बस्ती छ । जसमध्ये लोपन्मुख सिमान्तकृत चेपाङ समुदाय भने कोरोनाविरुद्धको खोपबाट भाग्दै आएको पाइएको छ । गाउँमा खोप लगाएपछि 'प्यारालाइसिस हुने, मान्छेको ज्यान नै जान सक्ने र बालबच्चा पनि नहुने' भ्रम फैलिँदा उनीहरु खोप कार्यक्रमबाट टाढा भएको पाइएको छ ।

राक्सिराङमा चेपाङ जातीको बाहुल्यता छ । नेपाल चेपाङ संघ राक्सिराङ गाउँपालिका कार्यकारिणी समितिको अगुवाईमा पालिकाभित्रका सबै चर्चबाट खोप लगाउन थालिएको संघका अध्यक्ष सोमलाल पजाले जानकारी दिए ।

ताङराङमा एकैदिन पाँच सयभन्दा बढीले कोरोनाविरुद्धको खोप लगाएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख विजय कपारीले बताए । राक्सिराङमा १२ देखि १८ वर्ष उमेर समूहकालाई मोडेर्ना खोप, १८ वर्षमाथिका लागि जोनसोन र दोस्रो डोज लगाउनेलाई भेरोसेल खोप लगाइने कपारीले जानकारी दिए ।

मकवानपुरबाट सुरु अभियान सबै जिल्लामा सञ्चालन भइरहेको स्वास्थ्य मन्त्री लामाले जानकारी दिए । प्रदेशका अधिकांश जिल्लाको दुर्गम क्षेत्रका बासिन्दा कोरोनाविरुद्धको खोपको पहुँचबाट बाहिर रहेको पाइएपछि समुदायस्तर मै खोप केन्द्र चलाउने अभियानमा प्रदेश सरकार जुटेको हो । बागमतीको विकट क्षेत्रका नागरिकलक्षित समुदायसँग खोप कार्यक्रम भइरहेको मन्त्री लामाले जानकारी दिए । कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण रोकथाम र न्यूनिकरणका लागि विकट क्षेत्रका नागरिकलाई खोप लगाउने कार्यलाई प्राथमिकतामा राखिएको स्वास्थ्यमन्त्री लामाले बताए ।

समुदायमै पुगेर खोप कार्यक्रम मकवानपुर, धादिङ, रामेछाप, सिन्धुपाल्चोक, चितवन, दोलखा, सिन्धुली, काभ्रेपलान्चोकका विकट क्षेत्रमा सञ्चालन हुने उनकी भनाई छ । स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार मकवानपुरको राक्सिराङ, कैलाश र मनहरी गाउँपालिकामा कोरोनाविरुद्धको खोप लगाउनेको संख्या न्यून छ । स्वास्थ्य कार्यालयका निमित्त प्रमुख भिमसागर गुरागाईंले राक्सिराङमा सबैभन्दा धेरैले खोप नलगाएको बताए । उनले आगामी एक हप्ताभित्र तीनवटै पालिकामा खोप लगाउनको दर ८० प्रतिशत पुग्ने बताए ।

कैलाश गाउँपालिकामा खोप लगाउन १० वटा टोली गठन गरिएको छ । कैलाशमा एक हप्तादेखि खोप अभियान सञ्चालन गरेर गाउँ, बस्ती, टोलमा पुगेर खोप लगाइरहेको स्वास्थ्य शाखा प्रमुख श्यामसुन्दर महतोले जानकारी दिए ।

कैलाशमा हप्ता दिनअघिसम्म १३ प्रतिशतले मात्रै खोप लगाएको स्वास्थ्य कार्यालय मकवानपुरको तथ्यांकले देखाउँछ । अभियानबाट खोप लगाएपछि भने ६१ प्रतिशत खोपको पहुँचमा रहेको तथ्यांकले देखाएको छ ।

दुवै गाउँपालिकाले चेपाङ समुदायलाई खोप लगाउन मुस्किल परेपछि तीन वटा उपाय अपनाइका छन् । पहिलो फकाएर खोप लगाउने, दोस्रो गाउँपालिकाबाट सेवा नगाइने र तेस्रो पालिकामा आउँदा अनिवार्य खोप काई हुनुपर्ने नियम बनाइएको छ । गाउँ वा टोलमै पुगेर समुहिक रुपमा खोपको प्रभाव-कमिता र यसका फाइदा बारे बुझाउने गाउँपालिकाको योजना छ ।

१५ माघसम्म खोप नलगाएका स्थानीयलाई कुनै पनि सेवासुविधा उपलब्ध नगराउने निर्णय दुवै गाउँपालिकाले गरेका छन् । राक्सिराङ र कैलाश गाउँपालिकाका निकै कम स्थानीयले मात्र कोरोना विरुद्धको खोप लगाएका छन् । राक्सिराङ र कैलाशमा राजनीतिक, सामाजिक र धार्मिक अगुवाहरुलाई अगाडि बढाएर हरेक घरबाट टोलमा स्थानीयलाई जम्मा पारेर खोप लगाइएको छ ।

# १ सय १० को परीक्षण गर्दा ७५ जनामा संक्रमण पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा विगत दुई सातादेखि लगातार कोरोना भाइरस संक्रमितको संख्या वृद्धि भइरहेको छ ।

परीक्षण गरिएका मध्ये ६० प्रतिशतभन्दा बढीमा कोरोना संक्रमण पुष्टि भएका छन् । पछिल्लो २४ घण्टामा ७५ जनामा कोरोना पुष्टि भएको छ । स्वास्थ्य कार्यालय मकवानपुरले शनिबार उपलब्ध गराएको तथ्याङ्कअनुसार १ सय १० जनाको कोरोना परीक्षण गर्दा ७५ जनामा कोरोना पुष्टि भएको हो ।

कार्यालयको तथ्याङ्क अनुसार विगत २४ घण्टामा पिसिआर तथा एन्टिजेन विधिबाट १ सय १० जनाको कोरोना जाँच गर्दा ७५ जनामा संक्रमण पुष्टि भएको हो । शनिबार बाँचिएका ७५ सबै मकवानपुरमा हालसम्म संक्रमित हुनेको संख्या १६ हजार ९ सय ७२ पुगेको छ । त्यसैगरी पछिल्लो २४ घण्टामा २१ जना संक्रमणमुक्त भएका छन् । यसैगरी देशभर नेपालमा थप १० हजार २ सय ५४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा २० हजार १ सय ८७ जनाको कोरोना परीक्षण गर्दा पीसीआर विधिबाट ८ हजार २ सय १२ तथा एन्टिजेन विधिबाट २ हजार ४२ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार, यसबेलासम्म देशभर हाल ७२ हजार ८ सय ६२ जना सक्रिय संक्रमित रहेका छन् । पछिल्लो २४ घण्टामा १६ जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको छ । यसबेलासम्म देशभर संक्रमणका कारण मृत्यु हुनेको कुल संख्या ११ हजार ६ सय ५१ जना पुगेको छ । यस्तै, सोही अवधिमा थप ७७८ जना संक्रमणमुक्त भएका छन् । नेपालमा कुल संक्रमित मध्ये ८ लाख २० हजार २ सय ८३ जना संक्रमणमुक्त भइसकेका छन् । मन्त्रालयका अनुसार थप १ लाख ९६ हजार ८५७ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन् ।

## हेटौंडाका दुई युवा लागूऔषधसहित पक्राउ

हेटौंडा/हेटौंडाका दुई युवकलाई पर्सा प्रहरीले पक्राउ गरेको छ ।

वीरगंज महानगर-पालिका-१६ रजयन्ती चोकबाट ४२ ट्याब्लेट नियन्त्रित लागूऔषध नाइट्राभेट र ५ सय मिलिग्राम अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थसहित हेटौंडाका दुई युवकलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्सालि जनाएको छ ।

पक्राउ पर्नेहरुमा मकवानपुरको हेटौंडा उपमहानगर पालिका-७ नागस्वती बस्ने २० वर्षीय लक्ष्मण घलान र हेटौंडा-१३ बनस्पति बस्ने २१ वर्षीय राम सुनार रहेका छन् । भारत रक्सौलबाट नेपालतर्फ आउँदै गरेका उनीहरुलाई लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय वीरगंज र प्रहरी चौकी इनर्वाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त लागूऔषध बरामद भएपछि निजहरुलाई पक्राउ गरेको जनाइएको छ ।

## मनहरीका प्रमुख प्रशासकीय अधिकृत कार्यकक्षको ताला खुल्ने

साझाकुरा संवाददाता

हेटौंडा/मनहरी गाउँपालिकाको बालमैत्री शाखा र प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा लगाइएको ताला आज आइतबार खुल्ने भएको छ ।

मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेती, उपाध्यक्ष मनिला घिस्टु, मनहरीका प्रमुख राजनीतिक दलका प्रतिनिधि, बाल सञ्जालका पदाधिकारी, बाल सहजकर्ताहरुको संयुक्त बैठकबाट गाउँपालिकामा लगाइएको ताला खुलाउने निर्णय भएको हो ।

मनहरी गाउँपालिकाको पुष २७ गते भएको कार्यपालिकाको बैठकले ९ वटै वडामा रहेका बाल सहजकर्ताहरु हटाउने निर्णय गरेको विरोधमा बाल सञ्जाल मनहरीले पुनर्बहालीको लागि विरोधको कार्यक्रमहरु गर्दै आएको थियो ।

विरोधको कार्यक्रम अन्तर्गत मनहरी गाउँपालिकाको बालमैत्री शाखा र प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्षमा नै ताला लगाएको थियो । शुक्रबार भएको बैठकमा गाउँपालिका अध्यक्ष एकराज उप्रेतीले माघ १५ गते भित्र कार्यपालिकाको बैठक राखि बाल सञ्जालले राखेको मागको विषयमा जानकारी गराउने प्रतिबद्धता गरे । त्यस्तै नेपाली काङ्ग्रेसका पार्टी प्रतिनिधि हरिचन्द्र शाहि ठकरी, माओवादी केन्द्रका पार्टी प्रतिनिधि दिल बहादुर स्याङ्बो, नेकपा एकिकृत समाजवादी मनहरी गाउँ कमिटीका अध्यक्ष नारायण श्रेष्ठ, नेकपा एमाले मनहरी गाउँकमिटीका अध्यक्ष नविन सुवेदीले आफ्ना दलका जनप्रतिनिधिलाई बाल सहजकर्ता हटाउन गरेको निर्णयमा हस्ताक्षर गरेको भए हस्ताक्षर फिर्ता गरी बाल सहजकर्ता पुनर्बहालीको लागि कुरा राख्न लगाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

यता बाल सञ्जाल मनहरीले भने माघ १५ गते भित्र कार्यपालिका बैठक बसी बाल सहजकर्ता पुनर्बहाली गर्ने निर्णय नभ्याए पुनः विरोधको कार्यक्रमहरुलाई निरन्तरता दिने निर्णय गरेको छ ।



साझाकुरा

## हाम्रो कुरा

# विद्यार्थीको ज्यानमाथि खेलवाड आपत्तिजनक

विद्यालयलाई कति सुरक्षित बनाउने ? साना बालबालिकालाई विद्यालय हाताभित्र कति सुरक्षित वातावरणमा पठनपाठन गराउने ? यस्ता विषयलाई गम्भीर रुपमा लिन आवश्यक छ । विद्यालय हातालाई सुरक्षित बनाउनै पर्छ भन्ने नीति बनाइएको छ । तर, सरकारी निकायले नै विद्यालयलाई असुरक्षित बनाउँदा कारबाही कस्ले गर्ने ? यस्तै समस्या देखिएको छ । हेटौंडा-९ स्थित त्रिवेणी आधारभूत विद्यालयमा । सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगले चुनढुंगा ढुवानीका लागि २२ अघि संचालन गरेको रोपवे नहटाउँदा स्कूले बालबालिका जोखिममा परेका छन् । २०४२ सालमा उद्योगले आफ्नो खानीबाट सिमेन्ट उत्पादन क्षेत्रसम्म चुनढुंगा ढुवानीका लागि स्थापना गरेको रोपवे १४ वर्ष संचालन भएर २०५६ देखि बन्द भएको २२ बर्ष बितिसक्दासमेत डब्बा, तारहरु नहटाउँदा स्कूले बालबालिका दुर्घटनाको जोखिममा परेका हुन् ।

रोपवेका फलामे तार, ठूला डब्बा र चुनढुंगा अहिले डब्बामै रहँदा जुनसुकै समयमा झर्न सक्ने र दुर्घटनामा पर्ने जोखिममा हेटौंडा उपमहानगरपालिका-९ स्थित त्रिवेणी आधारभूत विद्यालयका विद्यार्थी र शिक्षक छन् । विद्यालयको छाना माथिनै रोपवेको तार छ । कक्षा कोठा सामुन्ने माथि खिया लागेका जीर्ण डब्बाहरु झुण्डिरहेका छन् । डब्बामा अहिले पनि चुनढुंगा थुपारिएको छ । यस्तो अवस्थाका रोपवेका सामाग्रीहरु झरेर ठूलै दुर्घटना निम्तिने त्रासमा विद्यालयका बालबालिकाका अध्ययन गरिरहेका छन् । २०४६ सालमा रोपवे संचालन रहेकै अवस्थामा सिमेन्ट उद्योगले १० कठ्ठा जग्गा उपलब्ध गराएपछि विद्यालय स्थापना गरिएको थियो । २२ वर्षसम्म पनि सिमेन्ट उद्योगले रोपवे पुनर्संचालन गर्न नसकेको अवस्थामा जीर्ण बनेका संरचना नहटाउँदा विद्यालय मात्र नभइ भीमफेदी गाउँपालिका-१ भैंसेदेखि हेटौंडा उपमहानगरपालिका-१, ९, १० नम्बर वडाका स्थानीय दुर्घटनाको जोखिममा छन् । यस्तो छ, रोपवेको विगत २०३३ मा स्थापना गरिएको सिमेन्ट उद्योगले भीमफेदी गाउँपालिका-१ स्थित भैंसे खानीबाट कच्चापदार्थ चुनढुंगा ढुवानीमा सहज हुने योजनाका साथ २०४२ बाट रोपवे संचालनमा ल्याएको थियो । उद्योगदेखि भैंसे खानीसम्म १८ किलोमिटर दुरीमा रहेको रोपवेका आठ वटा टर्मिनल र सात वटा स्टेसन र ३ सय ५३ वटा टावर छन् ।

३ सय ६० वटा डब्बाबाट चुनढुङ्गा भैंसे खानीबाट उद्योगसम्म ढुवानी गरिन्थ्यो । रोपवे बिहान ६ देखि राती १० बजेसम्म दुई सिफ्टमा संचालन गर्ने गरिएको थियो । छानामाथि बर्षौंदेखि अड्कीएको रोपवेको खतराले बालबालिकालाई मात्र सताइरहेको छैन । हेटौंडा-९, १०, १ र भैंसेका स्थानीय पनि जोखिममा छन् । यस्ता विषयलाई उद्योग र सरोकारवाला निकायले वेवास्ता गर्नु गम्भीर विषय हो । कथमक्दाचित कुनैबेला रोपवे विद्यालयको छानामाथि खसिहाले र दुर्घटना निम्तिए को जिम्मेवारी बन्ला ? त्यसकारण उद्योगले अब तीव्रताका साथ प्रक्रिया अघि बढाएर रोपवेका जीर्ण संरचना हटाउने र थप सुरक्षितका अवस्था सिर्जना गर्न पनि त्यतिकै आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ माघ १० गते आइतबार २४ जनवरी २०२१ । माघ कृष्ण सप्तमी । पोहेलागा षष्ठी ११४१ । सूर्योदय ६:५३ र सूर्यास्त ५:३८ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आफन्तजन भेट | **तुला** | : अध्ययनमा बाधा |
| **वृष** | : भित्रजन भेट | **वृश्चिक** | : धन प्राप्ति |
| **मिथुन** | : प्रेममा सफलता | **धनु** | : शत्रुबाट मुक्त |
| **कर्कट** | : शुभ कार्यको थालनी | **मकर** | : धन नष्ट |
| **सिंह** | : सुख प्राप्ति | **कुम्भ** | : मिष्ठान्न भोजन |
| **कन्या** | : यात्राको योग | **मीन** | : आलश्यता |

# दलहरुको भविष्य निर्धारित गर्ने सात घटना

**डा. विष्णु दाहाल**

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा गएपछि राजनीतिक दलसम्बन्धी ऐनमा दल फुटाउन सहज नहुने कसिलो व्यवस्था गरिएको थियो । राष्ट्रिय दलको मान्यता पाउन पनि कडा 'थ्रेस होल्ड' राख्दा २०७४ सालको निर्वाचन परिणामले राष्ट्रिय दलको संख्या पाँच वटामा सीमित गरेका थियो ।

नेकपा (एमाले) र माओवादी केन्द्रको एकताबाट नेकपा (नेकपा) बनेपछि अब नेपालमा दुई दलीय अभ्यासको बाटो तय हुन्छ भन्ने आकलन गरिएको थियो । तर, नेकपा विभाजित भएपछि फेरि दल विभाजन शृंखला सुरु भएको छ । यसले सबैजसो दललाई प्रभावित गरिसकेको छ । दलीय राजनीतिमा आएको यस विचलनले नेपालमा भूराजनीतिक प्रभावमा निरन्तरताको संकेत गरेको छ ।

**घटना -१ : नेकपा (नेकपा) फुटमा भूराजनीतिक प्रभाव**

केपी ओलीले एकपटक भनेका थिए- अर्को तीन महिना नेकपा नफुटेको भए नेकपा प्रचण्डले खान्थे र एमालेको अस्तित्व समाप्त हुन्थ्यो । पार्टी फुटको औचित्य स्थापित गर्न उनले यस्तो कुरा बताएका थिए जुन त्यसबेलाको राजनीतिक अवस्था बुझ्नेका लागि स्वाभाविक लाग्न सक्छ । जे होस् नेकपा फुट्नुको आन्तरिक कारण पार्टीभित्रको शक्ति संघर्ष नै हो र त्यसले निम्त्याएको कलहको परिणाम थियो । त्यो अन्तर कलहमा पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपालविरुद्ध ओली देखिए पनि पृष्ठभूमिमा बढ्दो भूराजनीतिक प्रभावले काम गरेको थियो । ओलीलाई दक्षिणी शक्ति र दाहाललाई उत्तरी शक्तिले प्रभावित पारेको थियो । अनि माधव नेपाल र विद्यागुट (राष्ट्रपति भए पनि एमालेमा विद्यागुट कायम छ) चाहिँ 'ताक परे तिवारी नत्र गोतामे'को रणनीतिमा देखियो । त्यही कारण सत्तामा हुँदा नेकपाले एमसीसी मुद्दालाई धेरै गिजोल्ने र आवश्यकता भन्दा बढी चर्चाको विषय बनाउँदै विवाद खडा गरेको थियो । फलस्वरूप पार्टी पनि फुट्यो र जनताले दिएको जनमत पनि गुम्न पुग्यो । अन्ततः ओलीले संसद् भंग गरे । सर्वोच्च अदालतबाट पुनःस्थापित संसद् दोस्रो पटक पनि भंग गरेपछि एमाले सत्ताच्युत नै हुन पुग्यो । एमाले विभाजित भयो ।

सातमध्ये ६ प्रदेशमा नेकपाको नेतृत्व भएकोमा फुटपछि एमाले छ प्रदेश र केन्द्रमा सत्ताबाट टाढा धकेलियो । शेरबहादुर देउवा प्रधानमन्त्री बने । देउवाको कार्यकाल छ महिना पूरा हुँदा संसद विघटनविरुद्ध सतीसाल भएर उभिएका उनै दाहाल संसद विघटन गरी संघीय निर्वाचन गर्ने प्रस्ताव गर्न पुगे ।

**घटना -२ अधिवेशनको वातावरण र विद्रोहको तरङ्ग**

सबै दलको अधिवेशनले पार्टी सत्ताविरुद्धमा शक्ति संचय भइरहेको देखाउँछ । त्यो शक्तिले पार्टीभित्र ठूलो अन्तरकलह उत्पन्न गर्दै गइरहेको छ । नेपाली कांग्रेसमा देउवा-शेखर, एमालेमा ओलीसँग घनश्याम-विद्या र माओवादीमा दाहाल -महरा नदेखिने तर पार्टीमा भुसको आगो झैं कलह फैलिएको छ । यी कलहहरुले पार्टीभित्रको शक्ति सघर्षमात्रलाई प्रतिनिधित्व गर्दैनन्- पार्टीले गुमाउँदै गएको जनविश्वास, कार्यकर्ताको रोष र दलभित्रको बढ्दो वर्गीय दूरी (मूलतः नेता र कर्याकर्ताबीचको) सँगै विदेशी शक्तिसँगको सम्बन्धको पनि सरोकार हुन्छ । भ्रष्टाचार र 'सेटिङ'को राजनीतिले पार्टी सत्ता र राज्य सत्तामा दुवैतर्फ ठूलो महत्वाकांक्षा बढाएको छ । गुट व्यवस्थापन अझ चुनौतीपूर्ण हुँदै गएको छ । अन्तरपार्टी सेटिङले दलीय राजनीतिलाई अप्रत्यक्ष र अप्रत्याशितरूपमा निर्देशित गर्न सुरु गरेको छ ।

**घटना -३ : एमसीसी निल्नु न ओकल्नु !**

पार्टी सत्ता र राज्य सत्तामा रहन जनताको जनमतमात्रले नपुग्ने परिस्थितिका कारण नेताहरु विदेशी शक्ति केन्द्रलाई विश्वासमा लिने प्रयासमा छन् । विभिन्न प्रतिष्ठानमार्फत विदेशी शक्तिकेन्द्रले भौतिक, प्राविधिक र आर्थिक सहयोग दिँदै आफ्नो प्रभाव विस्तारित गर्ने प्रयास गरेको पाइन्छ । नेपालका दलहरुले अमेरिकी सहयोग एमसीसी पास गर्ने प्रतिबद्धता जनाइसकेका छन् । तर, उनीहरु पास गर्ने आँटमा देखिँदैनन् । किनभने एमसीसी पास गरे जनमत गुमाउने त्रास छ । दलहरु आफैँले एमसीसीका विरुद्धको जनमत निर्माण गरेका हुन् ।

पास गर्दिन भन्ने नैतिक हैसियत उनीहरुमा छैन । एमसीसीलाई राजनीतिक लाभको विषय बनाउँदा एमालेले सत्तामा हुँदा पास गर्ने र बाहिर आएपछि नबोलेर जनमत बचाउने प्रयास गरेको पाइन्छ । यो संसद् रहुन्जेल एमसीसीको एजेन्डाले दलहरुलाई चिमोटिरहने चिन्ताले सबै दल संसद् विघटन गर्न सहमत भएका छन् । दाहालको संघीय निर्वाचन पहिले गरेर बाँकी निर्वाचनपछि गर्ने प्रस्ताव आएको हो । यो प्रस्ताव गठबन्धन हुँदै संसद् प्रवेश गर्न सक्छ ।

**घटना- ४ : ओलीको प्रस्ताव दाहालको मुखबाट**

संसद् खुलाउने निहुँमा देउवाले ओलीलाई एक्लै भेट गरे । भेटपछि ओली मौन भएर बसे । देउवाले पनि भेटका विषय सार्वजनिक गर्नु जरुरी ठानेनन् । तर, सोझो देखिएर राजनीतिमा सबैकुरा अरुबाटै गराउन माहिर देउवाले ओलीको प्रस्ताव दाहालको मुखबाट गठबन्धनमा भित्र्याएका छन् । दाहाल र ओलीबीच सहमति गराउने प्रयास भएको भए उनीहरुको व्यक्तित्वको टकरावले सहमति सम्भव थिएन । तर, ओलीसँग गोप्य सहमति गरेर देउवाले ओलीको प्रस्ताव दाहालबाट राख्न लगाएका हुन् । अब दाहालले मेरो प्रस्ताव भन्ने ओलीले ढिलो गरी समर्थन जनाउने र संसद् विघटन गरेर चुनावमा जाने बाटो खुल्ने संकेत देखिँदैछ ।

स्थानीय तह निर्वाचनका लागि माओवादी केन्द्र र एकीकृत समाजवादी तयार छैनन् । स्थानीय तहमा संगठन विस्तार भइनसकेका कारण उनीहरु स्थानीय तहको निर्वाचनलाई पछि धकेलेर संघीय निर्वाचन गर्न चाहन्छन् । त्यसैले दाहालले संघीय चुनाव पहिले गर्ने र प्रदेश र स्थानीय निर्वाचन पछि गर्ने विषय आफ्नै प्रस्तावका रुपमा अघि सारेका हुन् । यसो गर्दा कांग्रेस, माओवादी र समाजवादीबीचमा गठबन्धन नभई स्थानमा तलमेल गरेर एमालेलाई साइजमा राख्ने रणनीतिमा दाहाल अघि बढेको देखिन्छ ।

**घटना- ५ : सबैको आँखा प्रतिस्पर्धी दलको झमेलामा**

नेपाली कांग्रेस एमाले र माओवादी फुटको फाइदा लिन चाहन्छ । प्रतिपक्षी एमाले कांग्रेसको आन्तरिक द्वन्द्वबाट हुने अन्तर्घात कुरिरहेको देखिन्छ । चरम गुटबन्दी, अधिवेशनको द्वन्द्व र चुनावका बेला उमेदवारी वितरणमा हुने थप गुटबन्दीलाई एमालेले आफू अनुकूल प्रयोग गरी त्यसको फाइदा लिने रणनीतिमा एमाले छ । अझ देउवा सरकारको अलोकप्रियता र देउवा स्वयंको अकर्मण्यता, दाहालको चातुर्य अनि माधव नेपालको धूर्ततालाई एमालेले चुनावी लाभको माध्यम बनाउने देखिन्छ । ओलीको ४२ महिने सरकारको कार्यशैली र कमजोरी गठबन्धनका दलहरुको प्रचार सामग्री हुनेछ । तर, दाहाल र माधव नेपालहरुसँग कुनै त्यस्तो एजेन्डा बन्न मुस्किल हुन्छ । बरु एमालेले चुच्चे नक्सालाई राष्ट्रवादी खोल ओढाएर जनता माझ पस्किन्छ ।

**घटना-६ : पहिचानको समस्यामा कम्युनिस्ट पार्टीहरु**

अबको नेपालको राजनीतिमा सबैभन्दा पेचिलो विषय नै कम्युनिस्ट पार्टीले आफूलाई जनता माझ दिने परिचय हो । आफूलाई चीनसँग नजिक देखाउन मार्क्स, लेनिनका अनुयायी भनी चिनाउनुपर्ने र आफू सबैभन्दा प्रगतिशील हुँ भन्ने प्रमाणित गर्नुपर्ने हुन्छ । तर, भारतीय इसारामा काम नगरे पार्टी र सत्ता पाउन मुस्किल हुनेमा उनीहरू स्पष्ट छन् । दुईविपरीत कार्य माफ उनले आफ्नो परिचय व्यवहारबाट प्रमाणित गर्न गाह्रो नै हनेछ । जुन वर्गको प्रथिनिधित्व गर्छु भन्यो त्यस्को विपरीत वर्गको आचरण देखाउनु नेपालमा कम्युनिस्ट पार्टीहरुको नेता र कर्याकर्ताका बाध्यता जस्तै बनेको छ । जुन चुनौतीपूर्ण हो ।

आफुलाई कम्युनिस्ट भन्ने, उत्पादनका साधनसँगको सम्बन्धमा जनतालाई जोड्छु भन्ने, समतामूलक समाज निर्माणको ठेकेदारका रुपमै प्रस्तुत गर्ने तर निजी सम्पतिको अधिक लोभ र लालसा देखाउने, विलासी जीवन यापन गर्ने, बिचौलिया, ठेकेदार र दलालको पनि दलालका रुपमा काम गर्ने, पार्टी सत्ता र राज्यसत्ताको दुरुपयोग गरी भ्रष्टाचार र अपराधमा लाग्ने, चिनियाँ कम्युनिस्ट पार्टीको प्रशिक्षण लिनुको साथै भातृ संगठन जसरी भाषण गर्ने अनि साँझ परेपछि लैनचौर पसेर अराएबमेजिम गर्ने दोहोरो चरित्र, स्वभाव र कार्यबाट आफुलाई प्रष्ट पार्न यो निर्वाचन सबैभन्दा ठूलो चुनौती हुनेछ । यसैगरी नेपाली कम्रिसलाई पनि दक्षिणी र पश्चिमाहरुसँगको साँठगाँठलाई प्रष्ट पार्न र बाह्य प्रभावबाट जोगिन कठिन नै देखिन्छ ।

**घटना-७ : धर्मको विषयको प्रवेश**

अबको निर्वाचनका सभाहरुमा हिन्दु धर्मको मुद्दाले खुब महत्व पाउने छ । यो विषय आफैँमा पेचिलो र विवादास्पद छ तर पनि प्रधानता भने पाउने नै छ । यसको फाइदा नेपाली कांग्रेसलगायतले लिनेछन् । नेपाली कांग्रेसमा शशांक कोइरालासहितका नेता धर्मिक स्वतन्त्रता भन्दै हिन्दु धर्मका पक्षधरहरुमाझ लोकप्रिय हुनेछन् । अन्य नेताहरु पनि आफ्नो क्षेत्रमा जनमत बढाउन त्यो एजेन्डा देखिने वा नदेखिने गरी प्रचार गर्नेछन् ।

विसं २००७ सालको आन्दोलनमा र २०६२/०६३को जनआन्दोलनमा आफ्ना खास एजेण्डा नभएको एमाले भने अरुका कमजोरीमा खेल्न खप्पिस छ । उसको हुर्काइ र प्रभाव विस्तारको मूल जग कार्यकर्ताको संरक्षण, विदेशी गैरसरकारी संस्थामार्फत आफ्ना कार्यकर्तालाई आम्दानीसँग जोड्ने काम र राष्ट्रवादसहितका केही एजेण्डा हुन् । यो अझै पनि केही समय चल्नेवाला छ । न त २००७ साल देखिएको कांग्रेसले स्थापित गरेको प्रजातन्त्रको एजेण्डा न २०६२/६३ साल पछिका संघीयता, सभावेशीता र समानुपतिक निर्वाचनका एजेण्डा मुख्य एजेण्डाबाट सधैँ बाहिर रहेको एमाले जनतामा बिक्ने कुरा गरेर नै केही समय टिक्ने अवस्थामा छ । तर, गठबन्धन दलहरुले देखिने गठबन्धन नगरी स्थान बाँडफाँट गरे भने एमालेका अवस्था गत ०७० सालको निर्वाचनमा माओवादीकै जस्तो बन्न बेर छैन ।

*- साभार: बाह्रखरी*

# कांग्रेसमा नेता पुत्र अस्वीकार्य

देशकै पुरानो राजनीतिक दल कांग्रेसको चौधौं महाधिवेशनले केही स्पष्ट सन्देश प्रवाह गरेको छ । विगतको भन्दा पृथक् रहेको यस महाधिवेशन धेरै कोणले विशेष छ । कांग्रेसले स्थापनाकालदेखि नै सभापतिलाई विशेष अधिकार दिँदै आएको थियो । पदाधिकारी र केन्द्रीय सदस्य मनोनयनदेखि जिम्मेवारी बाँडफाँडको सबै अधिकार सभापतिमा निहित थियो । दलभित्र पकड कायम गरी सरकारको नेतृत्वमा पुग्ने पुल बनाउन सभापति प्रणालीको विकास भएको थियो । तर, यस पटकको महाधिवेशनले सभापतिको नियन्त्रणमुखी संरचनामा संकुचन गरेको छ । महाधिवेशनबाट कोषाध्यक्ष बाहेकका सम्पूर्ण पदाधिकारी निर्वाचित भएर आएका छन् ।

**श्यामप्रसाद मैनाली**

प्रतिनिधि निर्वाचित गर्ने एकल अधिकार महाधिवेशन प्रतिनिधिलाई प्रदान गरेको कांग्रेसले लोकतान्त्रिक चरित्र आत्मसात् गरेको छ । सर्वसम्मतिका नाममा दलका प्रमुखले एकलौटी मनोनयन गर्ने, तथाकथित निर्वाचन गर्ने दलहरूका लागि कांग्रेसको यो कार्य सराहनीय छ । कांग्रेसको यस महाधिवेशनबाट अन्य दलले पनि धेरै पाठ सिक्न सक्नेछन् । यस पटकको महाधिवेशनले कांग्रेसमा युवाहरूको नेतृत्वको विकास मात्र होइन, नेतृत्व तहमा उनीहरू स्थापित हुँदै गएको पुष्टि गरेको छ । महाधिवेशन प्रतिनिधिदेखि केन्द्रीय पदाधिकारी तथा सदस्यहरूको निर्वाचनमा सहभागी युवाहरूको उल्लेख्य संख्याले यसलाई पुष्टि गरेको छ ।

मतदानको संख्या र अनुपातमा पनि पुराना र स्थापित भनिएका नेताहरू युवा नेताको छायामा परे । यसले दलको परम्परागत शैलीप्रति युवा मतदाताहरू असन्तुष्ट रहेको संकेत देखिन्छ । निर्वाचित सभापतिसँग विचारका आधारमा पृथक् देखिएका तथा प्रत्याशी नेताको समेत केन्द्रीय समितिमा उत्साहजनक उपस्थिति छ । वैचारिक र प्रतिपक्षी प्रतिद्वन्द्विताालाई स्थापित हुने अवसर मतदाताले दिए । साथै, फुतान्तरण तथा रूपान्तरणको अजेन्डाले पनि स्थान पाएको देखिएको छ ।

निर्वाचनको नतीजाले नेताहरूद्वारा अघि बढाइएको गुटगत राजनीतिलाई मतदाताले अस्वीकार गरेको प्रष्ट भएको छ । मतदाताहरूले गुट-उपगुट भन्दा पनि बौद्धिक क्षमता, सैद्धान्तिक निष्ठा, सामाजिक ख्याति र व्यक्तिगत क्षमताका आधारमा मतदान गरे । मत परिणामले निर्वाचित सभापतिलाई निर्वाध रूपमा दल परिचालन गर्न र सुधारका अजेन्डामा बहस गराउने सशक्त स्थिति बनाइदिएको छ । मत परिणाम पनि अत्यन्तै सन्तुलित छ । सबै पक्षको प्रतिनिधित्व केन्द्रीय समितिमा देख्न सकिन्छ । जहाँ सभापति शेरबहादुर देउवा, सभापतिको प्रत्याशीसम्म बन्ने अवसर नपाई कुण्ठित भएका वरिष्ठ नेता रामचन्द्र पौडेल, वरिष्ठ नेताले कनिष्ठ भन्दै समर्थनमा खुल्न नसके पनि कार्यकर्ताका बीचमा लोकप्रिय शेखर कोइराला, शक्ति सन्तुलनको राजनीतिमा सधैं मध्यमार्गी भूमिका निर्वाह गर्दै देउवालाई समर्थन गर्दै आएका कृष्ण सिटौलासम्मको उपस्थिति छ ।

सुधारोन्मुख नीति तथा कार्यक्रम ग्रहण गर्नुपर्ने बाध्यता नेतृत्व तहमा छ । साथै, लोकतान्त्रिक समाजवाद र राष्ट्रियताका पक्षमा जुट्नुपर्ने सन्देश पनि महाधिवेशनले दिएको छ । नेपालका प्रायः सबै राजनीतिक दलका नेतृत्व तहमा रहेकाहरू दलभित्र पकड र नियन्त्रण जमाई त्यसैका आधारमा सरकारमा पुग्ने, शक्ति आर्जनका लागि सौदाबाजी गर्ने र त्यसैका आधारमा आफूप्रति समर्पित झुण्ड तयार पार्ने प्रवृत्तिमा अभ्यस्त छन् । त्यसमा कांग्रेस पनि अपवादमा पर्दैन ।

नीति, सिद्धान्त र कार्यदिशालाई गौण आकलन गर्दै गुटगत राजनीतिलाई मात्र प्रश्रय दिने स्थिति दलभित्र कायम रहेको अवस्थामा यस पटक पनि गुटगत राजनीतिले निरन्तरता पाएकै हो । तर, अबका दिनमा गुटगत राजनीतिले राम्रो गर्दैन भन्ने संकेत पनि यस महाधिवेशनले दिएको छ । गुटगत राजनीतिको पराकाष्ठाका रूपमा छोटो अवधिमा दलभित्र तरक्की गर्ने, पार्टीको आदर्श र सिद्धान्तप्रति खासै आकर्षण नभएकाहरूको घुसपैठबाट दलको राजनीति नै प्रदूषित बन्दै जाने अवस्था थियो । यसबाट लामो समय दलभित्र योगदान गरेका, समर्पित, निष्ठावान् र इमानदार कार्यकर्ता विचलित हुँदै गएको अवस्थामा मतदाताले आफ्नो अधिकारको सदुपयोग गर्ने क्रम देखिएको छ । यस पटक गुट-उपगुटको अस्वस्थ प्रतिस्पर्धा गर्दै अघि बढ्ने राजनीतिलाई मतदाताले मन पराएको देखिएन । महाधिवेशनमा दलका राजनीतिक, सामाजिक र आर्थिक नीति के कस्ता हुनेछन् ? पार्टीको कार्यदिशा, भावी कार्यक्रमबारे यो महत्वपूर्ण भेलाले निर्णय दिनुपर्नेमा यस प्रकारका प्रस्तावहरू पेश नै भएनन् । यसलाई स्पष्ट गर्न सकेको भए निर्वाचनको नतीजा पृथक हुन सक्थ्यो ।

देशमा व्याप्त भ्रष्टाचार, दण्डहीनता, कानूनी शासनमा हुँदै गरेको समझदारी, राज्यका संयन्त्रमा हुँदै गरेको अस्वस्थ राजनीतिक प्रतिस्पर्धा, गणतन्त्र, संघीयता, धर्मनिरपेक्षताबारे समग्र दलको धारणा, प्रत्याशी उम्मेदवारहरूले नेतृत्वमा पुग्दा गर्ने सुधार लगायत विषयमा स्पष्ट हुन सकेनन् ।

संस्थापन पक्षमा मात्र सभापतिको उम्मेदवार धरै पहिलेदेखि निश्चित गरिएको थियो । संस्थापन इतर पक्ष मतदानको समयसम्म आइपुग्दा समेत आफ्ना तर्फबाट को उम्मेदवार हुने भन्ने निश्चित थिएन । वरिष्ठ नेता नै आफूले उम्मेदवारी दिने अवस्था नबनेपछि पूर्ण रूपमा निष्क्रिय रहे । यसबाट मतदाताले कसलाई कुन अजेन्डाका आधारमा समर्थन गर्ने हो ?

निर्णय लिन द्विविधामा परे । अग्रगामी अजेन्डालाई सिद्धान्ततः अवलम्बन गर्न पुगेकालाई सम्मानजनक मत प्राप्त हुन पुगेको हो । तसर्थ, अजेन्डा, नीति, कार्यक्रमका आधारमा दलीय राजनीति गर्न मतदाताले आदेश दिएका छन् ।

महाधिवेशनले देशमा लोकतन्त्र प्राप्तिका दिशामा ठूलो योगदान त्याग र तपस्या गरेका दिवंगत नेताहरूका खासै कार्य सम्पादन गर्न नसकेका पुत्रहरूलाई अस्वीकार गरेको देखियो । देश र सम्पूर्ण लोकतन्त्रप्रेमीहरूका आस्थाका पूँजीका रूपमा रहेका नेताहरू बीपी, गणेशमान, महेन्द्रनारायण निधिहरू संस्थाकै रूपमा पूजनीय र सम्मानित छन् ।

तर, पुत्रहरू आफ्नो परिवारमा सीमित रहेको देखियो । उनीहरूका कदमलाई मतदाताले स्वीकार गरेनन् । उनीहरूले श्रद्धेय नेताहरूलाई राष्ट्रकै गौरवका रूपमा स्वीकार गरे । पिताजीको योगदानका आधारमा नेता बन्ने होइन, आफ्नो योगदान र क्षमताको प्रदर्शन गर्दै मतदाता समक्ष प्रस्तुत हुन आदेश लोकतन्त्रवादी मतदाताले दिए । विमलेन्द्र निधि र प्रकाशमान सिंहले प्राप्त गरेको मतले यही सन्देश दिएको छ । वैचारिक अडानलाई अल्प अवधिमा परिवर्तन गर्ने शैलीलाई मतदाता र आम नेपालीले मन नपराएको संकेत हो यो । एक दिनको अन्तरालमा आफ्नो अडान र समर्थनमा पृथक् ढंगले प्रस्तुत भएका नेताहरूको कडा आलोचनामा देशका बौद्धिक जगत् र नागरिक उत्रिए । यसबाट यी नेताहरूको राजनीतिक उचाइमा संकुचन आएको अवस्था छ ।

यी नेताहरूलाई मतदाताले आफैँमा सुधार ल्याउन कायदिश सहितको अवसर दिएका हुन् । समग्र दलभित्र लामो समयदेखि सत्ता र शक्तिमा रहेका, दलभित्र आफ्नो वर्चस्व सधैं कायम राखेका, पारिवारिक पृष्ठभूमिका आधारमा अकण्टक प्रभावी देखिएकाहरूलाई निश्चित आकारमा संकुचन गराइदिने कार्य मतदाताले गरेका छन् । हिजोको अवस्थामा मानसिक दवाबमा रहेका, नेताहरूले खासै नपत्याएकाहरू आज आफ्नै नेताहरूको भन्दा उपल्लो उचाइमा स्थापित भएका छन् । यसबाट दलभित्र नयाँ रक्तसञ्चार हुने परिस्थिति सिर्जना भएको छ ।

आफूलाई दलभित्र ठूला शीर्षस्थ नेताको हैसियतमा राख्न मन पराउनेहरू दलभित्र आफ्नो पकडलाई निरन्तरता दिन सक्ने सोच बनाएकाहरूलाई यस निर्वाचनको नतीजाले निराश बनाएको छ । निर्वाचनमा पराजितहरूलाई निर्वाचित निकायहरूमा मनोनयन गर्दै भूमिका प्रदान गर्ने कार्य लोकतान्त्रिक दलका लागि शोभनीय हुँदैन । यसरी भूमिकामा पुग्नेहरू कार्यकर्ताबीच स्वीकार्य समेत हुन सक्नेछैनन् । त्यसैले हिजो दल हाँक्नेहरू आज दलभित्र कुनै पनि भूमिकामा नदेखिने छन् ।

वरिष्ठ नेताहरू पदीय हिसाबले कोही केन्द्रीय सदस्यमा मात्र खुम्चिई आफूभन्दा कनिष्ठलाई मतदाताले पदाधिकारी बनाइदिएकोमा मतदेशलाई सम्मान गर्नुको विकल्प उनीहरूसँग छैन । तसर्थ, दलले हालसम्म सम्पादन गरेको कार्य, निर्धारण गरेका नीति र कार्यदिशामा कार्यकर्ता पंक्ति सन्तुष्ट छैनन् भन्ने सन्देश प्रवाह भएको अर्थमा लिनुपर्ने हुन्छ । नेपालको राजनीति गणितीय हिसाबले मात्र सञ्चालन गर्न खोजिएको छ । कांग्रेस पनि यसै शैलीमा अभ्यस्त छ । तर, सही नेतृत्वको विकास गर्न नीति, सिद्धान्त र विचार बोकेकाहरूलाई प्रश्रय प्रदान गर्नुपर्छ, उत्साहित गर्नुपर्छ ।

- साभार: हिमालखबर

# 'सानो संसार' मा छानिएपछि निराश थिइन् नम्रता

अभिनेत्री नम्रता श्रेष्ठको डेब्यू फिल्म हो 'सानो संसार' । त्यसभन्दा अगाडि म्यूजिक भिडियो र विज्ञापनमा उनले आफूलाई स्थापित गरिसकेकी थिइन् । तर, उनको फिल्मप्रति भने रुची थिइन् । आलोक नेम्वाङसँग केही म्यूजिक भिडियोमा काम गरिसकेकाले उनकै आग्रहमा नम्रताले 'सानो संसार' का लागि अडिसन दिएकी थिइन् । तीनपटक अडिसन दिएपछि उनी फिल्ममा छानिइन् ।

हालै एक अन्तर्वार्तामा नम्रताले 'सानो संसार' मा छनोट भएपछि आफू निराश भएको बताएकी छन् । उनी भन्छिन्, 'मेरो फिल्ममा काम गर्ने इच्छा थिएन । नेपाली फिल्म पनि खेल्ने र ? भन्ने सोच ममा थियो । त्यसअघि मैले नेपाली फिल्म हेर्दिन थिएँ । तर, आलोक दाईले अडिसनका लागि आग्रह गरेपछि म तयार भएँ । तीनपटक अडिसन दिएपछि म फिल्मका लागि छानिएको थिएँ ।'

आलोक नेम्वाङले अडिसनमा पास भएको खबर सुनाउँदा आफू निराश भएको नम्रता सम्झन्छिन् । 'फिल्ममा छानिएको कुराले म खुसी हुने कि दुखी भन्ने नै बुझ्न सकेको थिइनँ । किनकि, म म्यूजिक भिडियो र विज्ञापनमै खुसी थिएँ । तर, अहिले महशुस हुन्छ कि 'सानो संसार' नगरेको भए म जीवनभर पछुताउने थिएँ । किनभने, मैले आजसम्म त्यस्तो टिम भेटेको छैन,' उनले भनेकी छन् ।

पहिलो फिल्ममा नै स्थापित कलाकारसँग काम गर्दा नर्भस भएर डाइलग समेत बोल्न नसकेको उनी स्मरण गर्छिन् । तर, फिल्मको टिम राम्रो भएकाले काम गर्न सहज भएको उनको अनुभव छ । 'सानो संसार' पछि अध्ययनका लागि विदेश जाने तयारीमा रहेकी नम्रता विभिन्न कारणले नेपालमै रोकिइन् । तर, १४ वर्षमा पनि सोचे जस्तो परिवर्तन नेपाली फिल्ममा नभएको उनको भनाइ छ ।

*- साभार: फिल्मीखबर*

# कडा साइबर सुरक्षा ऐनको माग

काठमाडौँ (रासस)/ नेपाल दूरसञ्चार प्राधिकरणले बढ्दो आपराधिक क्रियाकलाप रोक्न कडा कारबाहीको व्यवस्थासहितको साइबर सुरक्षा ऐन/नियम बनाएर त्यसको प्रभावकारी कार्यान्वय गर्नुपर्ने माग गरेको छ ।

प्राधिकरणले सूचना तथा सञ्चार प्रविधिको तीव्र विकाससँगै दिनहुँ साइबर सुरक्षामा जोखिम बढिरहेको, सामाजिक सञ्जालमार्फत हुने गैरकानुनी तथा आपराधिक क्रियाकलाप बढिरहेको भन्दै जतिसक्दो चाँडो साइबर सुरक्षा ल्याउनुपर्ने माग गरेको हो ।

प्राधिकरणका अध्यक्ष पुरुषत्तोम खनालले राज्य डिजिटल नेपालमा रुपान्तरण भई डिजिटल अर्थतन्त्र निर्माणको क्रममा रहेको अवस्थामा सरकारले साइबर सुरक्षा ल्याउनुपर्ने आवश्यकता औँल्याए ।

प्राधिकरणले नेपालको बजारमा भाइबर, स्काइभ, फेसबुक, युट्युब र टिकटकजस्ता सस्ता अनाधिकृत प्रवेशबाट राज्यले प्राप्त गर्नुपर्ने राजस्व प्राप्त गर्न तथा त्यसले सिर्जना गर्ने सुरक्षाको चुनौतीलाई सामना गर्न र त्यसलाई नियमनको दायरामा ल्याउन नसक्नुलाई समस्या तथा चुनौतीका रुपमा लिएको छ । अध्यक्ष खनालले भने, "दूरसञ्चार सञ्जाल वा सामाजिक सञ्जालमा प्रयोग गरिने अभिव्यक्तिले राष्ट्रिय अक्षुण्णतामा खलल पुऱ्याउने, व्यक्तिगत गाली बेइज्जती तथा समाजमा अराजकता उत्पन्न गराउने देखिएकाले 'कन्टेन्ट रेगुलेसन'लाई नियमनको दायरामा ल्याउन कानुनी व्यवस्था हुन नसक्नु समस्या तथा चुनौती हो ।"

प्राधिकरणले सूचना तथा सञ्चार प्रविधिमा भएको द्रुत विकासबाट सो क्षेत्रमा आएको बहुआयामिक अवसर तथा चुनौतीले गर्दा त्यस क्षेत्रको नियमनलाई सुदृढ, सशक्त एंव स्वयक्त बनाउन एकीकृत नियमनकारी निकाय तयार गर्नुपर्ने आवश्यकतासमेत औँल्याएको छ । आवश्यकताअनुसार नयाँ ऐन कानुनको निर्माण गरी अन्तर्राष्ट्रियस्तरमा दूरसञ्चार प्रविधिमा भएको विकासलाई अनुशरण गर्दै राज्यभर सर्वसुलभ र गुणस्तरीय बनाई आम उपभोक्तालाई प्रतिस्पर्धीरुपमा सेवा उपभोग गर्न पाउने गरी त्यस क्षेत्रको विकास विस्तार गर्नुपर्ने प्राधिकरणको भनाइ छ ।

प्राधिकरणका अनुसार हाल दुई करोड ७७ लाख छ हजार ले तीव्र गतिको इन्टरनेट ब्रोडब्याण्ड प्रयोग गर्दै आएका छन् । त्यसमध्ये एक करोड ९८ लाख ५३ हजार मोबाइल ब्रोडब्याण्ड प्रयोगकर्ता छन् । त्यसअनुरुप हालसम्म टेलिफोन सेवाको घनत्व १३.७५ प्रतिशत र ब्रोडव्याण्ड सेवाको घनत्व ९१.५५ प्रतिशत पुगेको छ ।

प्राधिकरणको ग्रामीण दूरसञ्चार विकास कोष परिचालन (ब्रोडब्याण्ड कनेक्टिभिटी) को हालसम्म ६७९ स्थानीय तह, पाँच हजार ५५४ वडा कार्यालय, पाँच हजार ३२ विद्यालय र चार हजार २७ स्वास्थ्यचौकी गरी जम्मा प्रन्ध हजार ३९३ स्थानमा इन्टरनेट जडान सम्पन्न भएको छ ।

# सहरमा पहिचानसहितको खाना पस्कँदै थारु युवा

चितवन (रासस)/ थारु समुदायमा पाक्ने पहिचानसहितका खानाका लागि थारु बस्ती पुग्नुपर्दैन । नारायणगढको व्यस्त सहरको बीचमा एक थारु युवाले आफ्नो पहिचानसहितको खानाको होटल सञ्चालन गर्दै आएका छन् ।

उच्च शिक्षा अध्ययनपछि एक दशकभन्दा लामो होटल क्षेत्रको अनुभव संगालेर भरतपुर महानगर पालिका-२८ मेघौलीका कृष्ण महतोले नारायणगढको कमलनगरमा होटल ह्याप्पी होम सञ्चालन गरेको हो । उनको होटलमा थारु भान्से (कुक) ले घोँगी, हाँसको छोइला, चिचर, झिंगे माछा, अन्य माछा, गगँटाजस्ता थारुका परम्परागत परिकार पाइन्छन् । त्यसो त होटलमा अरु परिकार पनि पाक्ने गर्दछन् ।

महतोले भने, "मेरो होटलमा आउनेको पहिलो रोजाइ थारु खाना नै हुने गर्दछ ।" चिल्लो कम हुने हुँदा थारु खाना स्वास्थ्यवर्द्धक र पोषिलो हुने गर्दछ । थारुको बाहुल्य बस्ती रहेको जिल्लाको सहरी क्षेत्रमा यस्ता अन्य होटल नभएको उनको भनाइ छ । उनले भने, "म थारु परिकारका लागि माडी, टाँडी र मेघौलीसम्म पुगेर सामग्री ल्याउने गर्दछु ।" परिकार थारुका पाक्ने भए पनि अन्य जातिले बढी रुचाएको उनको अनुभव छ ।

थारु परिकार पाइन्छ भन्ने थाहा पाउने परपरबाट पनि आफ्नामा आउने गरेको महतोको भनाइ छ । उनले भने, "हाम्रो जातिको पहिचानसहितको यो परम्परागत खानाको माग बढ्दो छ ।" मानव स्वास्थ्यका लागि थारु परिकार आफैँमा निकै राम्रो हुने उनको दाबी छ ।

त्यसो त यो समुदाय खानाकै कारण स्वस्थ र दीर्घजीवी हुने गर्दछ । स्नातकोत्तरसम्मको अध्ययन गरेका महतोले २२ वर्षको उमेरबाट होटल क्षेत्रमा काम थालेको हो ।

अहिले ३८ वर्ष हुँदै गर्दा आफू सन्तुष्ट रहेको बताउने महतोले झण्डै नौ वर्ष जिल्लाको ठूलो होटल सेन्ट्रल पाममा काम गरे । झाडुपोचादेखि व्यवस्थापनसम्मको सबै कामको अनुभव संगालेका उनले केही वर्ष नारायणगढमै साथीको एक होटलमा व्यवस्थापकको जिम्मेवारी सम्हाले । उनले विसं २०७४ को असोज ६ गतेदेखि यो होटल सुरुआत गरेको हो ।

ऋण गरेर २० लाख हाराहारीको लगानीमा सुरु भएको ह्याप्पी होममा सुरुमा आठ कोठा थिए । अहिले बढाउँदै लगेर २० कोठा पुगेका छन् । लगानी रु एक करोडभन्दा बढी भइसकेको महतोको भनाइ छ ।

बैंकमा ऋण भए पनि ग्राहकको सन्तुष्टिका कारण आफूलाई पनि सन्तुष्टि मिलेको उहाँ बताउँछन् । आफ्ना उमेरका धेरै साथी विदेशिएको भन्दै उनले स्वदेशमै आफ्नो जातिको भाषा, संस्कृति र पहिचान संरक्षण गर्दै खानाको प्रवर्द्धनमा लाग्न पाउँदा यसैमा रमाएको बताए ।

उनले भने, "मैले अहिले पनि १२ जनालाई रोजगारी पनि दिन सकेको छु ।"

अन्यत्र काम गर्दा आफूले गरेको मिहिनेतको प्रतिफल अहिले पाउन थालेको भन्दै उनले मिहिनेतका साथ काम गऱ्यो भने स्वदेशमै धेरै गर्न सकिने बताए ।

## भरतपुर अस्पतालमा कुरुवालाई पास अनिवार्य

चितवन (रासस)/ कोरोना संक्रमण बढेसँगै भरतपुर अस्पतालमा बिरामीका कुरुवालाई पास अनिवार्य गरिएको छ । एक बिरामीसँग एक जना मात्रै हुने गरी पास अनिवार्य गरिएको हो ।

अस्पतालले यसअघि पनि पासको व्यवस्था गरेको भए पनि कार्यान्वयनमा आउन सकेको थिएन । एक बिरामीका लागि धेरै कुरुवा र भेट्ने मानिसको भिड लाग्ने भएपछि संक्रमण फैलिनसक्ने भन्दै पासलाई कडाइ गरिएको हो ।

अस्पताल प्रशासनले शुक्रबार सूचना जारी गर्दै एक बिरामीका लागि एक मात्रै कुरुवा राख्नुपर्ने साविकको नियमलाई पालना गर्नका लागि पासको व्यवस्था गरिएको जनाएको छ । बिना पासका व्यक्तिलाई अस्पतालको अन्तरङ्ग विभागमा प्रवेश गर्न रोक लगाईएको छ ।

यसै बिरामीका कुरुवाले पनि जनस्वास्थ्यका मापदण्ड अनिवार्य पालना गर्न अस्पतालले आग्रह गरेको छ । अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारी कोभिडबाट संक्रमित भइरहेको जनाउँदै अस्पताल प्रशासनले अस्पतालको सेवा प्रवाहमा समेत कठिनाइ भएको जनाएको छ । पछि उपचार गरेर हुने बिरामीलाई उपचार समय पछाडि सार्नसमेत आग्रह गरिएको छ ।

# विधायन तर्जुमा शैली : नामदेखि भाषामा समेत सुधारको खाँचो

काठमाडौँ (रासस)/ नेपालको सन्दर्भमा विधायन तर्जुमा गर्दा नाम र प्रस्तावना मात्र नभई भाषागत शैलीमा समेत व्यापक सुधारको खाँचो औँल्याइएको छ ।

राष्ट्रियसभा, विधायन समितिद्वारा आयोजित विधायन संरचनाको पुनरावलोकन तथा विधायन तर्जुमाको सरलीकरण विषयक कार्यक्रममा विज्ञले विधायनको संशोधन शैलीमा समेत सुधार आवश्यक रहेको धारणा राखे । सो अवसरमा नेपाल कानुन आयोगका पूर्वअध्यक्ष माधव पौडेलले ऐन प्रारम्भ हुने मानक दिन निर्धारण तथा काम, कर्तव्य र अधिकारको दफाको संरचनागत सुधारको पनि खाँचो औँल्याए ।

उनले भने, "जिम्मेवारी, अधिकार तथा कर्तव्यका अलग-अलग दफा हुनपर्ने देखिन्छ, अभिलेखन प्रावधानको अनियन्त्रित प्रयोगमा सुधार, प्रत्यायोजित विधायनको प्रयोग र जवाफदेहिता हुने गरी ऐन तर्जुमा गरिनुपर्छ ।" विधायन शब्दले विधायिकाबाट जारी भएको वा बनाइएको कानुन र कानुन निर्माण गर्ने प्रक्रिया दुवैलाई बुझाउँछ ।

विधायन तर्जुमा तथा यसका संरचनामा कानुनी व्यक्तिको प्रावधानको संक्षिप्त दफा राख्न तथा अदालतको क्षेत्राधिकार पुनरावृत्ति गर्न पर्छ कि भनी प्रश्न उठाइएको छ । विधायनको मौजुदा शैली, सरचना र ढाँचामा पुनरावलोकनका लागि उच्चस्तरीय समिति गठन गर्न, ससदीय समिति वा संसद्को सदस्यको नेतृत्वमा उच्चस्तरीय समितिबाट अध्ययन गर्ने संरचना बनाउन तथा समितिको कार्यक्षेत्रका शर्त निर्धारण गर्न पनि विज्ञले सुझाव दिएका छन् ।

विधायन मस्यौदा गर्ने शैली वा विधायन रचना गर्ने शैलीमा आ-आफ्नो मुलुकको कानुनी र सांस्कृतिक प्रभाव परेको हुन्छ । विधायनको भाषा शैली स्पष्ट, सुनिश्चित र वास्तविक हुनपर्छ भन्ने विश्वभर नै मतैक्यता छ । पौडेलले भने, "उच्चस्तरीय समितिको सिफारिसका आधारमा आवश्यक विधेयकको मस्यौदा तयार गर्न र विधायन तर्जुमाका लागि एकरुपताको मान्यता निर्धारण गर्न पर्ने देखिन्छ ।"

संसद् वा विधायिकामा पेश भएको ऐनको मस्यौदा, सरकारको सिफारिसमा राष्ट्रपतिबाट जारी हुने आदेश, सरकारले जारी गर्ने कार्यकारी आदेश, प्रत्यायोजित अधिकारअन्तर्गत बनेका विधायनलगायतका लिखतलाई सामुहिकरुपमा विधायन भनिन्छ ।

विज्ञहरूले संसदीय समितिमा रहेका विधेयकमध्ये सर्वसाधारणको सरोकार रहेका र सुशासनसँग सम्बन्धित विधेयकमा परामर्श तथा छलफलको दायरा विस्तार गर्न, वार्षिक कार्यतालिका तयार गरी विधेयक उपर छलफल गर्ने सक्रियता बढाउन सुझाव दिएका छन् ।

गैरसरकारी विधेयकलाई प्राविधिक सहयोग उपलब्ध गराई प्रोत्साहन गर्न तथा संसद, सरकार र नागरिक समाजलाई तत्काल कानुन सचेतना कार्यक्रम सञ्चालन गर्न सुझाव दिइयो । विधायन तर्जुमा र कानुन निर्माण प्रक्रियामा सुधारका लागि विधायनको प्रयोग, तर्जुमा र ऐन निर्माण प्रक्रियामा व्यावहारिक प्रशिक्षण (इन्टर्नशीप) तथा व्याख्यात्मक टिपोटको सट्टा व्याख्यात्मक टिप्पणी तयार गर्ने अभ्यास प्रारम्भ गर्न सुझाव दिइएको छ । सो अवसरमा नेपाल कानुन समाजका अध्यक्ष तीर्थमान शाक्यले विधायन तर्जुमा एकै खाले मापदण्ड अपनाउन तथा ऐनसँगै विनियम बनाउन कार्यप्रारम्भ गर्न सल्लाह दिए । उनले भने, "संसद्ले कस्तो कानुन बनाउने भनी स्वरूपसहितको आधार तयार गर्न जरुरी छ, कानुनको मस्यौदा गर्ने निकै सुझबुझ र अनुभवी चाहिन्छ, प्रत्येक विधेयकले खर्च र संरचना सञ्चालनको उद्देश्य बोक्ने हुनाले त्यसका लागि पूर्व र पूर्णअध्ययन चाहिन्छ ।"

विधायन तर्जुमा शैली भनेको कुनै नीति, अवधारणा वा कार्यक्रमलाई कार्यान्वयन गर्न सकिने गरी कानुनी भाषामा मस्यौदा तयार गर्ने शैली हो । विधायन शैलीले सधैँ मुलुकको भाषा, संस्कृति, कानुनी प्रणाली तथा तत्काल कायम रहको राजनीतिक विशेषतालाई प्रतिबिम्बित गरेको हुन्छ ।

विधायनको मस्यौदा स्पष्ट र अर्थपूर्ण हुनुपर्छ, वास्तविक र ठीक ढंगबाट प्रस्तुत हुनुपर्छ, विषय वस्तु र भाषा स्पस्ट हुनुपर्छ भन्ने मूलभूत मान्यता राखिन्छ । समिति सभापति परशुराम मेघी गुरुङले विधायन तर्जुमा शैलीमा एकरुपता ल्याउन तथा मस्यौदाको जिम्मेवारीमा रहने जनशक्तिको स्थायित्वका लागि पहल हुन जरुरी देखिएको बताए । नेपालको संविधानबमोजित संघ, प्रदेश र स्थानीय तहले कानुन बनाउने हुनाले विधायन तर्जुमा शैली, यसको संरचना तथा प्रयुक्त भाषाको सरलीकरण हुनुपर्छ भन्ने विज्ञको मत छ । विधायन तर्जुमा शैली र संरचनालाई हाम्रो विशिष्टताअनुरुप सरल र व्यावहारिक बनाउन पुनरावलोकन गर्नसकेमा मात्र मौलिक पहिचान जोगिन्छ भन्ने विश्वास गरिन्छ ।

राष्ट्रियसभा सचिव राजेन्द्र फुयाँलले मुलुकको विधायन क्षेत्रका हस्तीका दक्षता र अनुभव सुरक्षित राख्न कसरी पुस्तान्तरण गर्न सकिएला भनी जिज्ञासा राखे । सो अवसरमा विज्ञहरूले संघीय संसद् र प्रदेशसभाका कम्तीमा एक-एक कर्मचारीलाई विधायन मस्यौदा तर्जुमा र कानुन निर्माण विषयमा विज्ञका रुपमा तयार गर्न सुझाव दिए । संघीय संरचना र तीन तहमा कानुन निर्माण गर्नपर्ने मुलुकको आवश्यकता भएकाले विधायन तर्जुमा शैली र संरचना सुधारलाई मुलुकको प्राथमिकताका एजेण्डामा राखी संसद्ले नेतृत्वदायी भूमि खेल्न सुझाव दिइयो ।

नेपालमा विधायन मस्यौदा तर्जुमाका क्षेत्रमा पूर्वप्रधानन्यायाधीशद्वय नैनबहादुर खत्री र विश्वनाथ उपाध्याय तथा पूर्वमुख्यसचिव तीर्थमान शाक्य र कानुन आयोगका पूर्वअध्यक्ष माधव पौडेलको नाम अग्रपंक्तिमा लिने गरिन्छ ।

# वैकल्पिक माध्यमबाट पठनपाठन गर्नुस्

काठमाडौँ (रासस)/ काठमाडौँ महानगरपालिकाले कोरोना भाइरस संक्रमण तीव्ररूपमा बढिरहेकाले तत्काल वैकल्पिक माध्यमबाट कक्षा सञ्चालन गर्न यहाँका विद्यालयलाई निर्देशन दिएको छ ।

केही निजी विद्यालयले भौतिक उपस्थितिमा नै कक्षा सञ्चालन गरिरहेको गुनासो आएपछि महानगरपालिकाले तत्काल वैकल्पिक माध्यमबाट कक्षा सञ्चालन गर्न निर्देशन दिएको हो ।



कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, जिल्ला प्रशासन कार्यालय काठमाडौँ, कामपा शिक्षा विभागसमेतको निर्देशनलाई समेत बेवास्ता गरेको भन्दै कामपा शिक्षा विभागले सूचना जारी गर्दै भौतिकरूपमा कक्षा सञ्चालन भएको पठनपाठनलाई तत्काल बन्द गर्न निर्देशन दिएको हो ।

पुन:निर्देशनको बेवास्था गरी विद्यार्थीको भौतिक सहभागितामा गतिविधि अघि बढाए कामपा कारबाही गर्न बाध्य हुने बताइएको छ । कोरोना भाइरस संक्रमणको तेस्रो लहर तीव्ररूपमा बढिरहेको भन्दै सरकारले गत पुस २७ गतेदेखि भौतिक उपस्थितमा कक्षा सञ्चालन नगरी वैकल्पिक माध्यमबाट सञ्चालन गर्न सबै विद्यालयलाई निर्देशन दिइसकेको छ ।

सरकाले निर्देशनको बेवास्था गरी कामपाका भित्री वडामा विद्यालय सञ्चालन भएको जनगुनासो आएपनि कामपाले पुन: सूचना जारी गरेको र फेरि बेवास्था गरे थप कारवाही अघि बढाउने कामपा शिक्षा विभाग प्रमुख रामप्रसाद सुवेदीले जानकारी दिए । उनले भने, "महामारी नियन्त्रणमा सबैको साथ र सहयोग गर्नुपर्ने समयमा निर्देशनविपरीत विद्यालय सञ्चालन गर्नु हुँदैन, तत्काल बन्द गरेर कोरोना भाईरस संक्रमण रोकथाम तथा नियन्त्रणमा सहयोग गर्नुपर्छ ।"

अहिले काठमाडौँ उपत्यका कोरोना भाइरस संक्रमणको केन्द्र बन्दै गएको छ । उपत्यकामा दैनिक सात हजार संक्रमित देखिन थालेका छन् । कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण गर्न भन्दै सरकारले लोकसेवा आयोग र त्रिभुवन विश्वविद्यालयले सञ्चालन गर्ने परीक्षासमेत स्थगित गरिसकेको अवस्था छ भने यातायातका साधनमा पनि जोरबिजोर प्रणाली लागू गरिसकेको छ ।

पछिल्ला केही दिनयता देशभरिमा दैनिक १२ हजारभन्दा बढी कारोना भाइरस संक्रमण पुष्टि भइरहेका छन् ।

# आज देशभरका अदालतमा शोक बिदा

काठमाडौँ (रासस)/ सर्वोच्च अदालतको शनिबार बसेको पूर्ण बैठक (फूलकोर्ट)ले पूर्वप्रधानन्यायाधीश मोहनप्रसाद शर्माको निधनमा आज देशभरका अदालतमा शोक बिदा दिने निर्णय गरेको छ ।

सर्वोच्च अदालतका सहप्रवक्ता देवेन्द्र ढकालले पूर्ण बैठकपछि शनिबार जारी गरेको प्रेस विज्ञप्तिमा सर्वोच्च, उच्च र जिल्ला, विशेष तथा न्यायाधीकरण गरी देशभरका अदालतमा आज शोक बिदा दिने निर्णय गरेको उल्लेख छ । पूर्वप्रधानन्यायाधीश शर्माको ८८ वर्षको उमेरमा बुधबार निधन भएको थियो । सरकारी सेवामा २०१५ सालमा प्रवेश गरेका शर्मा २०१७ सालमा कानून मन्त्रालयको शाखा अधिकृतबाट बढुवा भएर अदालतको न्यायाधीश भएर काम गर्दै २०५४ चैतदेखि २०५६ मंसिर ३० गतेसम्म नेपालको प्रधानन्यायाधीश भएर काम गरेका थिए । स्व शर्माको एक छोरा एक छोरी छन् । सर्वोच्च अदालतको पूर्ण बैठकले पूर्वप्रधानन्यायाधीशको शर्माको निधनप्रति दु:ख व्यक्त गरी चीर शान्तिको कामना गर्दैं शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गरेको छ ।

# काठमाडौँमा तीन व्यक्ति मृत्त फेला

काठमाडौँ (रासस)/ काठमाडौँका विभिन्न क्षेत्रमा शुक्रबार तीन व्यक्ति मृत फेला परेका छन् । यहाँस्थित बुढानीलकण्ठ नगरपालिका-२ भङ्गाल डेरा गरी बस्ने महोत्तरी बर्दिवासकी ४५ वर्षीया सविता थापा मृतावस्थामा फेला परेको प्रहरीले जनाएको छ । यस्तै काठमाडौँ महानगरपालिका-१९ ढोकाटोलस्थित सडकपेटीमा एक पुरुष र पहिचान नखुलेका करिब ४५ वर्षीय पुरुष काठमाडौँ-१९ मा मृत्त फेला परेको प्रहरी प्रधान कार्यालयले जनाएको छ । तीन वटै घटनाको अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

बागमती प्रदेशको 'एक विद्यालय, एक नर्स' कार्यक्रमअन्तर्गत् चितवनमा भद्रहरेको विद्यालय नर्सको छनौट परीक्षा । शनिबार १ सय १६ जना विद्यालय नर्सको लागि प्रदेशको स्वास्थ्य मन्त्रालयले विभिन्न जिल्लामा परीक्षा लिएको हो ।

# बागमतीका सबै स्थानीय तहमा 'एक वडा, एक पशु स्वास्थ्यकर्मी' खटाइँदै

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशका सबै एक सय १९ वटै स्थानीय तहका प्रत्येक वडामा 'एक वडा, एक पशु स्वास्थ्यकर्मी' कार्यक्रम सञ्चालन गरिने भएको छ ।

बागमती सरकारले यसका लागि तयारी अघि बढाएको छ । प्रदेशको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले यस प्रदेशका ११ सय भन्दा बढी वडामा पशु स्वास्थ्यकर्मी खटाएर किसानका लागि सहज बनाउन यो कार्यक्रम गर्न लागिएको मन्त्रालयका सचिव डाक्टर शरणकुमार पाण्डेले बताए ।

बागमती प्रदेशमा पशुपंक्षी तथा मत्स्यमा लाग्ने रोगहरुको अन्वेषण, नियन्त्रण, रोकथाम तथा उन्मूलन गर्ने उद्देश्यले बागमती प्रदेश सरकारले 'एक वडा एक पशु स्वास्थ्यकर्मीको कार्यक्रम अघि सारेको उनले बताए । स्थानीय तहको वडासम्मै नै प्राविधिक सेवा विस्तार गर्न, पशु सेवालाई सहज, सरल, पहुँचयोग्य बनाई छिटो छरितो र गुणस्तरीय सेवा प्रदान गर्न, ग्रामिण क्षेत्रमा पशु सेवा प्रदायक र कृषकहरु बीचको दूरी कम गर्दै पशुपंक्षी क्षेत्रको विकासको लागि 'एक वडा एक पशु स्वास्थ्यकर्मी' कार्यक्रम प्रदेशको साझा न्यूनतम कार्यक्रम लागू गर्नका लागि यसै वर्षबाट काम सुरु गर्न गरी तयारी थालिएको सचिव पाण्डेले बताए ।

एक वडा, एक पशु स्वास्थ्य क्लिनिक स्थापनाको लागि सम्बन्धित स्थानीय तहसँग समन्वय गरि वडाहरु प्रस्ताव गर्न मन्त्रालयले आफ्ना मातहतका कार्यालयहरुलाई परिपत्र गरिसकेको छ । मन्त्रालयले प्रारम्भिकमा वडाहरु प्रस्तावको लागि पशु स्वास्थ्य प्राविधिक हुनुपर्ने, पशु स्वास्थ्य क्लिनिक स्थापनाको लागि वडाको आफ्नै जमिन हुनुपर्ने, पशुपंक्षी पालनको घनत्व भएको क्षेत्रको अग्रतामा वडाहरु प्रस्ताव गर्न मातहतका कार्यालयहरुलाई निर्देशन दिएको हो ।

कार्यक्रमबाट व्यवसायिक पशुपंक्षीपालनका आधुनिक प्रविधिमा कृषकको पहुँच पुगनका साथै पशु लाग्ने रोगहरुको न्यूनीकरण र निरकरण गर्न सहज हुने कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिव पाण्डेले बताए । प्रदेशको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले यही पुस १४ गतेका दिन प्रदेशमा कृषि, पशुपंक्षी तथा मत्स्य क्षेत्रको स्थानरणको लागि ५१ बुँदे मार्गचित्र सार्वजनिक गरेको थियो ।

सो मार्गचित्रमा पशु स्वास्थ्य तथा क्लिनिकल सेवालाई विस्तार गर्न स्थानीय तहसगँको समन्वयमा एक वडा एक पशु स्वास्थ्य क्लिनिक सञ्चालनमा जोड दिइएको थियो । नेपाल सरकारले पशु स्वास्थ्य सेवालाई अत्यावश्यक सेवाको रुपमा घोषणा गरेको सन्दर्भमा मन्त्रालय फाइदाजनक हुने मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले बताए ।

मार्गचित्रमा 'एक वडा, एक पशु स्वास्थ्यकर्मी' कार्यक्रमसहित चारवटा विषय थप गरिएको मन्त्रालयले जनाएको छ । गठबन्धन सरकारको नेतृत्व गरिरहेका मुख्यमन्त्री राजेन्द्र पाण्डेले साझा न्यूनतम कार्यक्रममा समेटिएँ यसलाई छिट्टै कार्यान्वयनमा लैजान निर्देशन दिइसकेका छन् । मार्गचित्रमा पशु स्वास्थ तथा क्लिनिकल सेवालाई विस्तार गर्न स्थानीय तहसँगको समन्वयमा 'एक वडा एक पशु स्वास्थ्य क्लिनिक' सञ्चालनमा जोड दिइएको हो । नेपाल सरकारले पशु स्वास्थ्य सेवालाई अत्यावश्यक सेवाका रुपमा घोषणा गरेको सन्दर्भमा प्रदेश सरकार एक वडा एक पशु स्वास्थ्य क्लिनिक स्थापनामा लागेको अधिकारीले बताए ।

ग्रामिण क्षेत्रमा पशु सेवा प्रदायक र कृषकबीचको दूरी कम गर्दै पशुपन्छी क्षेत्रको विकासका लागि 'एक वडा, एक पशु स्वास्थ्यकर्मी' र पशु क्लिनिक कार्यक्रम ल्याइएको मन्त्रालयले जनाएको छ । स्थानीय तहको वडासम्मै पशु सेवालाई सहज, सरल, पहुँचयोग्य बनाइ छिटोछरितो र गुणस्तरीय सेवा प्रदान गर्न कार्यक्रम ल्याइएको मन्त्रालयका सचिव पाण्डेले जानकारी दिए ।

कार्यक्रमबाट व्यवसायिक पशुपंक्षीपालनका आधुनिक प्रविधिमा कृषकको पहुँच पुगका साथै पशुमा लाग्ने रोगहरुको न्यूनीकरण र निराकरण गर्न सहज हुने सचिव पाण्डेले बताए ।

मन्त्रालयले 'एक वडा एक पशु स्वास्थ्य क्लिनिक' स्थापनाका लागि लागिरहेको मन्त्रालयले अब एक वडा, एक पशु स्वास्थ्यकर्मी' कार्यक्रम पनि सञ्चालन गर्ने भएको हो । यो कार्यक्रमले धेरैभरि किसानका लागि एक वडा एक पशु स्वास्थ्य क्लिनिक स्थापनामा लागेको हो । यो वर्ष केही पशु स्वास्थ्यकर्मी राख्ने र अर्को वर्ष पूरै कार्यक्रम सञ्चालन गरिने उनले बताए । प्रत्येक वडामा स्वास्थ्यकर्मी राख्दा समस्या अएपनि दिर्घकालिन रुपमा भने किसानको हितका निम्त काम हुने उनले बताए ।

प्रदेश सरकारको साझा न्यूनतम कार्यक्रममा समेटिएको 'एक वडा, एक पशु स्वास्थ्यकर्मी' कार्यक्रमलाई मन्त्रालयले आफ्नो मार्गचित्रमा पनि समावेश गरिसकेको छ । कृषि तथा पशुपंक्षी मन्त्री बसुन्धरा हुमागाईले पनि कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको स्थानरण गको लागि भनै ५१ बुँदे मार्गचित्र सार्वजनिक गरिसकेका छन् । 'एक वडा, एक पशु स्वास्थ्य क्लिनिक' स्थापनाका लागि लागिरहेको मन्त्रालयले अब 'एक वडा, एक पशु स्वास्थ्यकर्मी' कार्यक्रम पनि सञ्चालन गर्ने भएको हो । यो कार्यक्रमले धेरैभरि किसानका लागि फाइदाजनक हुने मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले बताए ।

मार्गचित्रमा 'एक वडा, एक पशु स्वास्थ्यकर्मी' कार्यक्रमसहित चारवटा विषय थप गरिएको मन्त्रालयले जनाएको छ । गठबन्धन सरकारको नेतृत्व गरिरहेका मुख्यमन्त्री राजेन्द्र पाण्डेले साझा न्यूनतम कार्यक्रममा समेटिएँ यसलाई छिट्टै कार्यान्वयनमा लैजान निर्देशन दिइसकेका छन् । मार्गचित्रमा पशु स्वास्थ तथा क्लिनिकल सेवालाई विस्तार गर्न स्थानीय तहसँगको समन्वयमा 'एक वडा एक पशु स्वास्थ्य क्लिनिक' सञ्चालनमा जोड दिइएको हो । नेपाल सरकारले पशु स्वास्थ्य सेवालाई अत्यावश्यक सेवाका रुपमा घोषणा गरेको सन्दर्भमा प्रदेश सरकार एक वडा एक पशु स्वास्थ्य क्लिनिक स्थापनामा लागेको अधिकारीले बताए ।

ग्रामिण क्षेत्रमा पशु सेवा प्रदायक र कृषकबीचको दूरी कम गर्दै पशुपन्छी क्षेत्रको विकासका लागि 'एक वडा, एक पशु स्वास्थ्यकर्मी' र पशु क्लिनिक कार्यक्रम ल्याइएको मन्त्रालयले जनाएको छ । स्थानीय तहको वडासम्मै पशु सेवालाई सहज, सरल, पहुँचयोग्य बनाइ छिटोछरितो र गुणस्तरीय सेवा प्रदान गर्न कार्यक्रम ल्याइएको मन्त्रालयका सचिव पाण्डेले जानकारी दिए ।

कार्यक्रमबाट व्यवसायिक पशुपंक्षीपालनका आधुनिक प्रविधिमा कृषकको पहुँच पुगका साथै पशुमा लाग्ने रोगहरुको न्यूनीकरण र निराकरण गर्न सहज हुने सचिव पाण्डेले बताए ।

मन्त्रालयले 'एक वडा एक पशु स्वास्थ्य क्लिनिक' स्थापनाका लागि लागिरहेको मन्त्रालयले अब 'एक वडा, एक पशु स्वास्थ्यकर्मी' कार्यक्रम पनि सञ्चालन गर्ने भएको हो । यो कार्यक्रमले धेरैभरि किसानका लागि

## पालुङ जेसीजको २२ औं पदस्थापन

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको उत्तरी क्षेत्रमा पर्ने पालुङ जेसीजको २२ औं पदस्थापन तथा पुरस्कार वितरण समारोह सम्पन्न भएको छ ।

वर्ष २०२१ का अध्यक्ष नवराज लामाको अध्यक्षतामा भएको समारोहमा प्रमुख अतिथि थाहा नगर पालिकाका प्रमुख लवशेर बिष्टले जेसीजले गर्ने हरेक सामाजिक क्रियाकलापमा नगरपालिकाले सहकार्य गर्न नगरपालिका तयार रहेको बताए । नगर प्रमुख बिष्टले थाहानगरको युवाहरुको बुद्धि विकासका निम्ति पनि जेसीज अभिन्न अंग बनेको बताए ।

वर्ष २०२२ का लागि निर्वाचित जयराम खत्रीलगायत सम्पूर्ण पदाधिकारीहरु पदस्थापन भएका हुन् । जेसीजको विधि अनुसार वर्ष २०२१ का निर्वतमान अध्यक्ष मनोज रायमाझी पूर्व अध्यक्ष क्लबमा, वर्ष २०२१ का अध्यक्ष नवराज लामा निर्वतमान अध्यक्ष र सबै अध्यक्षको कुर्ची मा पदस्थापित भएका हुन् । पदस्थापित पदाधिकारीहरुलाई संघ गराजुरै पदीय प्रमाणपत्रहरु प्रदान गरिएको थियो । वर्ष २०२१ का अध्यक्ष लामाले आफ्नो कार्यकालमा उत्कृष्ट कार्य गरेका पदाधिकारीहरु, पूर्व अध्यक्षलगायतलाई अवार्ड प्रदान गरिएको थियो ।

पदस्थापित अध्यक्ष खत्रीले अध्यक्षको स्वीकारोक्ति मनव्य राख्दै आफ्नो कार्यकालको लागि नीति तथा कार्यक्रमहरु प्रस्तुत गरेका थिए । अध्यक्ष खत्रीले प्रस्तुत कार्यक्रमहरु सम्पन्न गर्न २५ वटी सदस्यहरुलाई विभिन्न संयोजकहरुमा मनोनीत गरेका छन् । अध्यक्ष खत्रीले महासचिवमा निरज रायमाझी, कोषाध्यक्षमा चिकम गोपाली र कानुनी सल्लाहकारमा संगम काकीलाई मनोनीत गरेका हुन् ।

अध्यक्ष खत्रीले अध्यक्षको प्रमुख सल्लाहकारमा पूर्व अध्यक्ष सुरेन्द्रमान प्रधान र बोर्ड सल्लाहकारमा मनोज रायमाझीलाई मनोनीत गरेका छन् । कार्यक्रममा थाहानगर का उपप्रमुख खड्ग गोपाली, पालुङ जेसीजका संस्थापक अध्यक्ष पुरुषोत्तम डकाल, पूर्वअध्यक्ष मनोहर कार्की, सुरेन्द्रमान प्रधान, हेटौंडा जेसीजका अध्यक्ष पवन जंगाकारले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

## मामाघरलाई गलैंचा सहयोग

साझाकुरा संवाददाता

हेटौंडा/नेपाल पारा भेटेरिनरी एशोसिएसन मकवानपुरले हेटौंडा-११ स्थित मामाघर नेपाल मकवानपुरलाई गलैंचा सहयोग गरेको छ ।

शनिवार एशोसिएसनले मामाघरलाई १२ वटा गलैंचा, २५ थान तन्ना, २५ स्थान सिरानी, र विस्कुट ५ कार्टुन सहयोग गरेको हो । २० हजार रुपैयाँ बराबरको सामाग्री भेटेरिनरी एशोसिएसनले मामाघरलाई सहयोग गरिएको जनाइएको छ ।

नेपाल पारा भेटेरिनरी एशोसिएसन मकवानपुरका अध्यक्ष कुमार खड्का, उपाध्यक्ष उत्तम अधिकारी, सचिव श्याम ढकाल, कोषाध्यक्ष सृजना सुवेंतीलगायतको उपस्थितमा सहयोग प्रदान गरिएको थियो । यसैगरी जन्मदिनको अवसरमा ब्यूटी पार्लर एण्ड ट्रेनिङ सेन्टरकी अध्यक्ष अस्मिता थेरुले १५ हजार ५ सय ५ रुपैयाँ सहयोग गरेका थिए ।

**पत्रिका नआएमा तुरुन्त ०५७-५२१११५ मा सम्पर्क गर्न अनुरोध छ ।**

## शिक्षक संगठन मकवानपुरको अधिवेशन स्थगित

साझाकुरा संवाददाता

हेटौंडा/कोरोना भाइरस संक्रमणको तीव्रतालाई मध्येनजर गर्दै नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला समिति मकवानपुरको १३ औं जिल्ला अधिवेशन स्थगित गरिएको छ ।

संगठनको शनिवार बसेको बैठकले कोरोना भाइरसको तेस्रो लहर बढ्दैगर्दा स्वास्थ्य जोखिमलाई मध्यनजर गर्दै अधिवेशन स्थगित गर्ने निर्णय गरेको हो ।

माघ १३ र १४ गते अधिवेशन गर्ने पूर्वघोषित तालिका बमोजिम १० वटै स्थानीय तहहरु तयार रहेपनि कोरोना जोखिम बढ्दै गएपछि स्थगित गर्न बाध्य भएको संगठनको भनाइ छ ।

जिल्ला समितिका पदाधिकारीसहित संगठनमा आबद्ध शिक्षकहरु कोरोनाबाट प्रभावित भएकाले हाललाई अधिवेशन स्थगन गरिएको निर्णयमा उल्लेख छ ।

नेपाल राष्ट्रिय शिक्षक संगठन बागमती प्रदेश सचिवालय सदस्य मोहनप्रसाद शर्मा तथा संगठन मकवानपुरका अध्यक्ष श्रीराम दाहाल सभाध्यक्षतामा अन्तर्कियासमेत गरिएको थियो ।

कार्यक्रममा संगठनकी उपाध्यक्ष लक्ष्मी गजुरेल, कार्यवाहक सचिव प्रतिमा गौतम, कोषाध्यक्ष जयप्रसाद पोखरेल, सचिवलय सदस्य कृष्ण प्रसाद पौडेल लगायतको उपस्थिति रहेको थियो ।

## ३ सय १५ औं नियमित सन्ध्या

साझाकुरा संवाददाता

हेटौंडा/साहित्य संगम मकवानपुरको आयोजनामा शनिवार ३ सय १५ औं नियमित साहित्य सन्ध्या तथा खेम बानियाँ स्मृति विशेष कार्यक्रम भएको छ ।

भर्चुअल माध्यमबाट साहित्य संगम मकवानपुरकी अध्यक्ष अनिता न्यौपानेको अध्यक्षता तथा लघुकथाकार पुष्करराज भट्टको प्रमुख अतिथ्यमा कार्यक्रम भएको हो । प्रमुख अतिथि भट्टले जीवन संघर्षमय रहेको बताउँदै लघुकथाले मानिसलाई थप संघर्ष गरी जीवन जिउन सहयोग पुग्ने धारणा राखेका थिए ।

कार्यक्रममा सहभागीहरुले रचना वाचन गर्नुका साथै खेम बानियाँको बारे चर्चा गरेका थिए । कार्यक्रममा झरना साहित्यिक परिवार मकवानपुरका अध्यक्ष दीपक गौतम, झरनाकै संस्थापक सल्लाहकार रमेशमोहन अधिकारी, बुद्धीली साहित्य समाजका संयोजक आरसी रिजाल, संगमका उपाध्यक्ष सानु खनाल, सचिव डीबी बर्तौला, संप्रश पौडेललगायतको उपस्थिति रहेको थियो ।

## मनहरीका थापा उत्कृष्ट प्रहरी

साझाकुरा संवाददाता

हेटौंडा/इलाका प्रहरी कार्यालय मनहरीका प्रमुख प्रहरी निरीक्षक प्रकाश थापा बागमती प्रदेशकै उत्कृष्ट प्रहरी घोषित भएका छन् ।

नेपाल प्रहरी शिक्षालय भरतपुर चितवन दरबन्दी भइ प्रहरीको निति अनुसार काम कार्वाही गरेका प्रहरी निरीक्षक थापालाई सर्वोत्कृष्ट प्रदेश प्रहरी घोषित गरिएको हो ।

प्रहरीमा सुम्पिएको जिम्मेवारीलाई लगनशिल, अनुशासित एवम् उत्कृष्ट ढंगबाट कार्य सम्पादन गरेको भन्दै बागमती प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक प्रकाशजंग काकीको हस्ताक्षर गरिएको पत्रहरित निरिक्षक थापालाई सर्वोत्कृष्ट प्रदेश प्रहरी घोषित गरिएको हो ।

निरीक्षक थापाले २०७८ साल पुष महिनामा ३०८.१०० किलोग्राम गाँजा र २० किलो ५०० ग्राम चेरससहित ७ जना अभियुक्तलाई पकाउ गरी कानुनी दायरामा ल्याउन सफल भएको, त्यस्तै आफ्नो इलाकामा शान्ति सु-व्यवस्था कायम राख्ने नविजन्य पदार्थको उत्खनन गर्ने कार्यलाई नियन्त्रण तथा राजमार्गमा हुने विभिन्न किसिमको सवारी दुर्घटना, यातायात अवरुद्धमा भर पर्दो सुरक्षा व्यवस्था मिलाउनुका साथै स्थानिय निकायसंग समन्वय गरी प्रहरी चौकी सुनाचुरीको नयाँ भवन निर्माण कार्य सुरु गराउन महत्वपूर्ण भूमिका खेलेको भन्दै थापालाई बागमती प्रदेशको पुष महिनाको उत्कृष्ट प्रहरी घोषित गरिएको हो ।


HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | Lab Technician/ assistant | 2 | Negotiable | PCL/TSLC |
| 3 | CMA/ANM | Few | Negotiable | TSLC |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.






गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७०७१६६४, ९८५५०३१६६४



साझाकुरा
www.sajhakuranews.com
"तपाईं हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



नवीकरण सम्बन्धि सुचना

उपरोक्त सम्बन्धमा यस संघ अन्तर्गत रहेका सम्पूर्ण निर्माण व्यवसायीहरुको आ.व. २०७८/७९ को लागि इजाजत पत्र नविकरण गर्ने कार्य यही माघ मसान्तसम्म रहेको हुनाले माघ मसान्तभित्र नविकरण गरिसक्न हुन अनुरोध गरिन्छ । अन्यथा सिफारिस नलिने तथा नविकरण नगर्ने कर्म कम्पनीहरुलाई संघबाट दिइने सेवा सुविधाबाट वञ्चित गराइनुको साथै यस संघको विधानको आचारसंहिता बमोजिमसमेत हुने जानकारी गराइन्छ ।

निर्माण व्यवसायी संघ मकवानपुर
हेटौंडा, मकवानपुर



प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय मकवानपुर
वागमती प्रदेश, हेटौडा

कोभिड १९ को संक्रमणबाट बचौ र बचाऔं

कोभिड १९ विरुद्ध खोप लगाई सकेका व्यक्तिहरुलाई गम्भीर विरामी हुने जोखिम कम भएपनि संक्रमण हुने जोखिम रहिरहन्छ । लक्षण नदेखिएका व्यक्तिहरुले पनि अर्को व्यक्तिलाई संक्रमित बनाउन सक्ने भएकोले थाहै नपाई तपाईंको आफ्ना प्रियजनहरु माझ संक्रमण फैलाईर हुन भएको पनि हुनसक्छ । त्यसैले जहिले पनि नाक, मुख र चिउडो छोपिने गरि मास्क लगाई जीम्मेवार नागरिकको दायित्व पुरा गरौं ।

याद गरौं:
*कोभिड १९ विरुद्ध पूर्ण खोप लगाऔं आफू र आफ्नो परिवारलाई कोभिड १९ रोग लाग्नबाट बचाऔं"
*जनस्वास्थ्यको मापदण्डको कडा रुपमा पालना गरौं, गराऔं र कोभिडको संक्रमणबाट बचौं बचाऔं"

खुल्यो ! खुल्यो
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
अब होटल म्याक्समा
होटल MAX
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौबीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना